१. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गरि जीवन उपयोगी शिक्षा प्रदान गर्न विज्ञको सुझाव, प्रविधिको प्रयोग र स्थानिय स्रोत साधनको परिचालन सम्बन्धि प्रस्तावको कार्यशर्त विवरण

## क. संक्षिप्त विवरण

<table>
<tr><td>काम : सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर विज्ञको सुझाव, प्रविधिको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन सम्बन्धि परामर्श सेवा</td><td>सेवा प्रकृति : परामर्श सेवा</td></tr>
<tr><td>कार्यालय : चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम)</td><td>सुपरिबेक्षक : नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र नगरपालिकाका अन्य निकायहरु</td></tr>
<tr><td>कार्य समय : सम्झौता बमोजिम</td><td>सेवा अबधि : आठ महिना</td></tr>
<tr><td>अन्तिम प्रगति विवरण पेश गर्नुपर्ने निकाय :<br>चौरजहारी नगरपालिकाको कार्यालय रुकुम (पश्चिम)</td><td>मुख्य कार्य :<br>क) देहायका सफ्टवेरहरु तथा शैक्षिक सामग्रीहरुको सञ्चालन, प्रयोग र व्यवस्थापन सम्बन्धि तालिम, समन्वय र सहयोग गर्ने ,<br>• पाठ्यक्रम विकास केन्द्रबाट मान्यता प्राप्त श्रव्यदृश्य शैक्षिक सामग्री<br>• Education Management Information System (EMIS)<br>• विद्यालय व्यवस्थापन समितिको कार्य तालिका, प्रधानाध्यापकको दैनिक कार्य तालिका, विषयगत शिक्षक र बालविकास सहयोगीको पाठयोजना र कार्यतालिका सहितको Monitoring and Evaluation Information System<br>• Interactive Communication System<br>• Teaching and Learning Resource Management Platform<br>ख) विद्यालय व्यवस्थापन समितिहरुलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, व्यवस्थापन समितिहरुको दैनिक कार्यतालिका कार्यान्वयन गराउने, अनुगमन तथा मुल्याङकनका सूचकहरु लागु गराउने र आवश्यक सुधारका लागी सुझाव दिनेछ ।<br><br>ग) प्रधानाध्यापकहरुलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, प्रधानाध्यापकहरुको दैनिक कार्य तालिका स्थानीय स्तरमा रहेर स्थानीयकरण गरि प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने।<br><br>घ) मुख्य ५ विषय ( विज्ञान, गणित, नेपाली, अङग्रेजी र सामाजिक) का शिक्षकहरुलाई स्थानीय तहमा नै गएर विषयगत रुपमा तालिम प्रदान गर्ने, पाठ योजना र दैनिक कक्षा क्रियाकलाप कार्य तालिका स्थानीय शिक्षकहरुसंग मिलेर स्थानीयकरण गरि प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । यसका साथै प्रविधिको प्रयोग गराई निरन्तर कक्षा सञ्चालनको गुणस्तरता कायम भएको सुनिश्चितता गर्न अनुगमन, मुल्याङकन गराउनु पर्नेछ ।<br><br>ङ) प्रारम्भिक बाल विकास (ECD) का बाल शिक्षिका तथा सहयोगीहरुलाई बाल विकास केन्द्र सञ्चालनका प्रक्रियाहरुको तालिम गराउने, पाठ योजना र दैनिक कार्य तालिका स्थानीयकरण गरि प्रविधिको प्रयोग गराई निरन्तर कक्षा सञ्चालन भएको</td></tr>
</table>

| | |
|---|---|
| | गुणस्तरता कायम भएको सुनिश्चितता गर्न अनुगमन र मुल्याङकन गराउनेछ ।<br><br>च) विद्यालय तहको शिक्षामा विद्यार्थी मूल्याङकन गर्ने नविनतम प्रविधिको प्रयोग गरि लागु गराउनेछ ।<br><br>छ) यस परियोजना भित्र रहेर सञ्चालित कार्यक्रमहरुको मासिक र त्रैमासिक प्रतिवेदनहरु दोस्रो पक्षलाई बुझाउनेछ । |

उद्देश्यहरु :

- शिक्षण सिकाई क्रियाकलापलाई जीवन उपयोगी, सीपमा आधारित, प्रविधिमैत्रि, दिगो, भरपर्दो, विश्वसनिय, बालमैत्रि तुल्याउने ।
- प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता अभिबृद्धिको लागी क्षमता विकास तालिम, अभिमुखीकरण, परामर्श तथा पेशा र प्रविधि प्रति अन्तरघुलित बनाई सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थामा व्यापक सुधार गरि गुणस्तरिय र समयानुकूल शिक्षाको सुनिश्चितता आम अभिभावक र बालबालिकाहरुलाई दिलाउने ।
- सामुदायिक विद्यालयहरु प्रति अभिभावक एवम् आम सरोकारवालाहरुको विश्वास जगाउने र नगरपालिका भित्र नै योग्य र क्षमतावान जनशक्तिको उत्पादनमा जोड दिने ।
- अनुगमन तथा मूल्याङकनबाट प्राप्त दृष्टान्तहरुबाट पृष्ठपोष लिदै आगामी गन्तव्य सहज र सरल तुल्याउने ।

## ख. कार्य विवरणहरु :

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सूचक | सूचकको स्रोत |
|---|---|---|
| **परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन :** | | |
| क) देहायका सफ्टवेयरहरु तथा शैक्षिक सामाग्रीहरुको सञ्चालन, प्रयोग र व्यवस्थापन सम्बन्धि तालिम, समन्वय र सहयोग गर्ने ,<br>• पाठ्यक्रम विकास केन्द्रबाट मान्यता प्राप्त श्रव्यदृष्य शैक्षिक सामग्री<br>• Education Management Information System | • सफ्टवेयरको निर्माण भई कार्यान्वयनमा आएको<br>• विद्यालयहरुमा डिजिटल बोर्ड, डिजिटल शैक्षिक सामग्री,कम्प्युटर, ल्यापटप जस्ता उपकरण | • स्थानीय तहका प्रणालीहरुको सञ्चालन र प्रतिवेदन<br>• नगरपालिकाको विभिन्न निकायले गरेको अनुगमन तथा मूल्याङकन |

| | | |
|---|---|---|
| **( EMIS )**<br><br>➢ विद्यालय व्यवस्थापन समितिको कार्य तालिका,प्रधानअध्यापकको दैनिक कार्य तालिका,विषयगत शिक्षक र बालविकास सहयोगीको पाठयोजना र कार्य तालिका सहितको Moniting and Evaluation Information System<br>➢ Interactive Communication System<br>➢ Teaching and Learing Resource Management platform<br><br>**ख).** विद्यालय व्यवस्थापन समितिहरुलाई स्थानिय तहमा नै गएर तालिम प्रदान गर्ने , व्यवस्थापन समितिहरुकै दैनिक कार्य तालिका कार्यान्वयन गराउने , अनुगमन तथा मुल्याङकनका सुचकहरु लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br><br>**ग).** प्रधाध्यापकहरुलाई स्थानिय तहमा नै गएर तालिम प्रदान गर्ने , प्रधाध्यापकहरुको दैनिक कार्य तालिम स्थानिय स्तरमा रहेर स्थानियकरण गरी प्रविधिको प्रयोग गराइ कार्यान्वयन गराउने । अनुगमन , मुल्याङकनका सुचकहरु लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br><br>**घ).** मुख्य ५ विषय (विज्ञान , गणित, नेपाली, अङग्रेजीर सामाजिक )का शिक्षकहरुलाई स्थानिय तहमा नै गएर विषयगत रुपमा तालिम प्रदान गर्ने पाठ योजना र दैनिक कक्षा त्रियाकलाप कार्य तालिका स्थानिय शिक्षकहरुसंग मिलेर स्थानियकरण गरी प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । यसका साथै प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालनको गुणस्तरता कायम भएको सुनिश्चतता गर्ने अनुगमन, मुल्याङ्कन गराउनु पर्नेछ ।<br><br>**ङ).** प्रारम्भिक बाल विकास (ECD) का बाल | ➢ तथा सामग्रीहरु प्रयोगमा आएको<br>➢ स्थानिय स्रोत साधनमा आधारित शैक्षिक सामग्रीहरुको प्रयोग हुन थालेको<br>➢ अभिभावक शिक्षा नगरपालिका भरी लागु भएको<br>➢ पाठ्यक्रम अनुरुप पठनपाठन भएको विद्यालयको भौतिक संरचना शैक्षिक वातावरण उल्लेख सुधार हुन थालेको<br>➢ पाठयोजनाको निर्माण भई सबै शिक्षकहरुले त्यसै अनुरुप अध्यापन गरिरहेको शिक्षक निर्देशिकाको प्रयोग भईरहेको | ➢ सम्बन्धित विद्यालयका प्रधानाध्यापक कार्य सम्पादनस्तर<br>➢ विद्यालय अनुगमन प्रतिवेदन |

| | | |
|---|---|---|
| शिक्षिका तथा सहयोगीहरुलाई बाल विकास केन्द्र संचालनका प्रक्रियाहरुको तालिम गराउने,पाठ योजना र दैनिक कार्य तालिका स्थानियकरण गरी प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालन भएको गुणस्तरता कायम भएको सुनिश्चतता गर्ने अनुगमन र मुल्याङ्कन गराउनेछ ।<br><br>च). विद्यालय तहको शिक्षामा विद्यार्थी मुल्याङ्कन गर्ने नविनतम प्रविधिको प्रयोग गरी लागु गराउने छ ।<br><br>छ). ययस परियोजना भित्र रहेर संचालित कार्यक्रमहरुको मासिक र त्रैमासिक प्रतिवेदनहरु दोस्रो पक्षलाई बुझाउने । | | |

## ग. कार्यविवरण लक्ष्य तथा उदेश्य पुरा गर्ने आवश्यक क्षमता तथा स्रोत साधनहरु

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • सुचना तथा संञ्चार प्रविधिमा दक्षता सफ्टवेयर कार्यमा दक्ष एवम् निपुण<br>• कम्तिमा पाँच वर्षअघिदेखि शैक्षिक क्षेत्रमा काम गरको अनुभव<br>• तालिम प्राप्त ,दक्ष एवम् ख्याति प्राप्त जनशक्ति | • ल्यापटप<br>• इन्टरनेट<br>• मोवाइल<br>• दक्ष जनशक्ती लगायतका परामर्श सेवासँग सम्बन्धित स्रोतसाधन तथा उपकरणहरु | • कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विवषगत तालिम, अभिमुखिकरण सन्र्दभ सामाग्रीहरुको उपलब्धता नितिगत दस्तावेजहरु, कार्यक्रम दस्तावेज र कार्य योजना आदी<br>• अनुभव आदान प्रदान र सिकाईको अवसर<br>• उपयुक्त कार्य वातावरण (सुचनामा पहुँज,अन्तर सम्बन्धको विकास,उत्प्रेरणा आदी |

- परामर्शदाताले सम्झौता भएको मितिले आठ महिनाभित्र माथि उल्लेखित सम्पुर्ण कार्यहरु सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको विवरण पेश गरिसक्नु पर्नेछ ।

- नगरपालिकाले परामर्श दाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध गराउन मिल्ने खालका सुचना उपलब्ध गराउने छ ।
- माथि उल्लेखित कार्यहरु गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भैतिक सुविधा एवम् उपकरणहरु छनोट भएको परामर्शदाता र नगरपालिका बिचको सम्झौतामा उल्लेख गरिनेछ ।
- यसमा उल्लेखित बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम एवम् परामर्शदाता र नगरपालिका बिचको आपसी समन्वय र परामर्शमा संचालन गरिनेछ ।

**चौरजहारी नगरपालिका कर्णाली प्रदेश, नेपाल रुकुम**